# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं २०७३

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- २६५८

मिति :- २०७६/१२/०९

**विषय- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
दक्षिणकाली नगरपालिका ।

प्रस्तुत विषयमा कोरोना भाईरस (COVID - 19) बाट सुरक्षित हुने तथा सम्भावित जोखिम न्यूनिकरण सम्बन्धमा मिति २०७६/१२/०९ गते नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको बैठकबाट संलग्न बमोजिमका निर्णयहरु भएको हुदाँ उक्त निर्णयहरु कार्यान्वयनार्थ प्रेषित गरिएको छ ।

............................
घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

निर्णयहरु

१. यस नगरपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरु, सबै स्वास्थ्य संस्थाहरुमा हात धुने व्यवस्थाको लागी साबुन, पानी, बाल्टीन तथा बाटा र Hand Wash को व्यवस्था गर्ने,

२. वडा बस्ती तथा टोलस्तरमा पर्चा, पम्प्लेट तथा माईकिङको माध्यमबाट कोरोना भाईरस (COVID - 19) बाट जोगीन जोखिम न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने र उक्त कार्यक्रमको अनुगमन गर्नको लागी नगर उपप्रमुखको संयोजकत्वमा निम्नानुसारको अनुगमन समिति गठन गर्ने,

अनुगमन समिति

| | | |
|---|---|---|
| संयोजक | - | श्री बसन्ती तामाङ डंगोल, नगर उपप्रमुख |
| सदस्य | - | श्री घनश्याम न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - | ईलाका प्रशासन कार्यालयका प्रतिनिधि |
| सदस्य | - | श्री राजेश परियार, कार्यपालिका सदस्य |
| सदस्य | - | श्री लक्ष्मी पौडेल भण्डारी, कार्यपालिका सदस्य |
| सदस्य | - | श्री गणेश गुरुङ, लेखा अधिकृत |
| सदस्य | - | ईलाका प्रहरी कार्यालयका प्रतिनिधि |
| सदस्य | - | श्री पेशल कुमार पोखरेल, प्रशासन उपशाखा |
| सदस्यसचिव | - | श्री शरद चन्द्र सिँह प्रकाश, स्वास्थ्य शाखा प्रमुख |

३. नेपाल राजपत्रको भाग ५ मा प्रकाशित अत्यावश्यक सेवा बाहेकका यस नगरपालिका तथा अन्तर्गतका वडा कार्यालहरुबाट प्रवाह गरीने अन्य सबै सेवाहरु आगामी चैत्र २१ गते सम्मको लागी बन्द गर्ने तथा यस नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य संस्थाहरुबाट प्रदान हुने सेवाहरु थप प्रभावकारी रुपमा प्रवाह गर्ने,

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

४. यस नगरपालिका भित्र कोरोना भाईरस शंकास्पद व्यक्तिलाई तत्काल अस्पताल पुर्याउनको लागी आवश्यक हुने एम्बुलेन्स सेवाको लागी नेपाल रेडक्रस सोसाईटी, फर्पिङ उपशाखा र मनमोहन स्मृती सामुदायिक अस्पताललाई तयारी (StandBy) अवस्थामा राख्नको लागी अनुरोध गर्ने,

५. यस नगरपालिकाको प्रसिद्ध धार्मिक तिर्थस्थल दक्षिणकाली माताको मन्दिर, मस्जिद, गुम्बा, चर्च लगाएत्का धार्मिक स्थलहरुमा भिडभाड नगरिदिनु हुनको लागी अनुरोध गर्ने,

६. यस नगरपालिका अन्तर्गत सक्रिय आमा समुह, महिला समुह, बचत संकलन तथा परिचालन गर्ने समुह तथा संस्थाहरु, स्थानिय क्लब, संघसंस्था, सहकारीहरुको बैठकहरुमा २५ जना भन्दा बढी व्यक्तीहरु भेला नहुनको लागी अनुरोध गर्ने,

७. यस नगरपालिका भित्रको ऐतिहासिक एवं धार्मिक गुठी, जात्रा, पर्वहरुमा अत्यावश्यक पुजाआजा बाहेक अन्य भोजभतेर, पिकनिक, जमघट र २५ जना भन्दा बढि भेला नहुनको लागी अनुरोध गर्ने,

८. यस नगरपालिका भित्र रहेका सामाजिक संघसंस्था, बैङ्क तथा वित्तिय संस्थाहरुलाई सार्वजनिक स्थानमा सरसफाई सम्बन्धी सामग्रीहरु स्वेच्छिक रुपमा राख्न अनुरोध गर्ने,

९. यस नगरपालिकामा रहेका स्वास्थकर्मी, महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई अधिकतम रुपमा सेवा प्रदान गर्नको लागी परिचालन गर्ने,

१०. यस नगरपालिका भित्र सञ्चालनमा रहेका फुटपाथ एवं अन्य खुल्ला स्थानमा सञ्चालित व्यवसायहरु हाललाई बन्द गर्न अनुरोध गर्ने र होटल, रेष्टुरेण्ट, चियापसल लगाएत्का मानिसहरुको अधिकतम जमघट हुने व्यवसायहरुलाई सकेसम्म भिडभाड नगर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने,

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत